# पूर्वखोला गाउँपालिकाको आर्थिक ऐन, २०८०

पूर्वखोला गाउँपालिका
रिङ्नेरह, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

पूर्वखोला गाउँपालिका

# पूर्वखोला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** पूर्वखोला गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम पूर्वखोला गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पूर्वखोला गाउँपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० श्रावण १ गतेदेखि पूर्वखोला गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **मालपोत/भूमि करः** गाउँपालिका क्षेत्रभित्र <u>अनुसूची १</u> बमोजिम मालपोत/भूमि कर लगाइने र असुल उपर गरिनेछ ।

३. **घर जग्गा बहाल करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा वार्षिक बहाल रकममा घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

पूर्वखोला गाउँपालिका

(२) उपदफा (१) बमोजिम लगाइने घर जग्गा बहाल करको दर अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाइने बहाल रकम निर्धारण गर्नका लागि गाउँपालिकाले घर जग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

४. **व्यवसाय करः** (१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसायको प्रकृति वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम पाँच लाख रुपैयाँभन्दा बढी पुँजीगत लगानी र आर्थिक कारोबार भइ अन्य जुनसुकै सार्वजनिक निकायमा दर्ता र नवीकरण भएका गाउँपालिका भित्र सञ्चालित व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्ने प्राइभेट फर्मलाई व्यवसाय अभिलेख राखी व्यवसाय अभिलेखको प्रमाणपत्र प्रदान गरिनेछ । प्रमाणपत्र प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय अभिलेख अद्यावधिक गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाइने छैन ।

(५) उपदफा (२) र (३) बमोजिम लिइने व्यवसाय करको दर <u>**अनुसूची ३**</u> मा तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत <u>**अनुसूची ४**</u> बमोजिमको जडिबुटी, कवाडी र जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि कारोबार भन्नाले बिक्रेताले जारी गरेको बिल वा बिजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ ।

(२) उपदफा (१) बमोजिमको वस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाले व्यवसाय इजाजत दिँदा कर बुझाउने सर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

६. **विज्ञापन करः** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड र स्टल आदिमा <u>**अनुसूची ५**</u> बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन कर वापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

७. **मनोरन्जन करः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित सिनेमा हल, सांस्कृतिक प्रदर्शन हल, थियटर, सङ्गीत, मनोरञ्जन प्रदर्शन स्थल, जादु, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिम गाउँपालिकाले अनुसूची (६) बमोजिमको मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले उठाएको मनोरञ्जन कर वापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

८. **बहाल बिदौरी करः** (१) गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची ७ बमोजिमको दरमा बहाल बिदौरी शुल्क लगाउन र उठाउन सक्नेछः

क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थायी टहरा, छाप्रा, पसल वा आवास,

ग) गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाट बजार, मेला, जात्रा आदिमा थापेका पसल

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिदौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउपत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिदौरी शुल्क उठाउनका लागि त्यस्तो स्थानमा खरिद बिक्री हुने वस्तु तथा सेवा एवं

कारोबारको आधारमा तोकेको न्यूनतम बहाल बिदौरी शुल्कको दरमा बोलपत्र वा दरभाउपत्र वा डाँक बढाबढको माध्यमबाट बहाल बिदौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिरौटीमा दिंदा सर्त सहित सम्झौता गरी दिनुपर्नेछ ।

९. **पार्किङ शुल्कः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ्ग गर्ने समयको आधारमा <u>अनुसूची ८</u> बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) गाउँपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा गर्नेछ ।

१०. **सेवा शुल्क र दस्तुरः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिप प्लायर, ऱ्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका/नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) गाउँपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे वापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असुल उपर गरिनेछः

(क) खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्ट हाउस, पर्यटकीय स्थल, छात्रावास, हाट बजार, पशु वधशाला, शवदागृह, धोबीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ड) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर अध्ययन, अनुसन्धान प्रयोजनका लागि ऐतिहासकि स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) गाउँपालिकाले सहाकारी संस्था, एफ.एम. रेडियो, "घ" वर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी असुल उपर गरिनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची ९ मा उल्लेख भए बमोजिम हुनेछ ।

११। **बिक्री तथा निकासी शुल्कः** (१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवम् खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ ।

पूर्वखोला गाउँपालिका

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन भै आफ्नो सिमा क्षेत्र भन्दा बाहिर निकासी हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिकाले गर्ने बिक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची १० मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम बिक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असुलीका लागि तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउपत्र वा डाँक बढाबढको माध्यमबाट गरिनेछ ।

१२. **नक्सा पास शुल्कः** पूर्वखोला गाउँपालिका भित्र नयाँ घर निर्माण गर्दा वा पुरानो घर अभिलेख राख्न अनुसूची १० बमोजिम नक्सा पास शुल्क लिइनेछ ।

**१३. दण्ड जरिवानाः** (१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरिवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसुरमा अनुसूची १३ बमोजिम दण्ड, जरिवाना लगाउने, अन्य दण्ड, जरिवाना रकम सम्बन्धित कानूनमा तोकिए बमोजिम हुनेछ ।

पूर्वखोला गाउँपालिका

१४. **कर छुटः** (१) वार्षिक रुपमा तिर्नुपर्ने राजस्व सोही आर्थिक वर्षको मङ्सिर मसान्त भित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजस्वको दस प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिइने छैन ।

स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आङ्गिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालय, बालगृह, अनाथाश्रम, वृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई गाउँ सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक गाउँपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक क्रियाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधिसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१५. **प्रशासकीय पुनरावलोकन र पुनरावेदनः** (१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले गाउँपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तिन सदस्यीय राजस्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरावलोकनको लागि प्राप्त भएको निवेदन उपर पैंतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ ।

(४) गाउँपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदातालाई थप भार पर्न गई हानि नोक्सानी पर्न गएमा गाउँपालिकाले त्यसको क्षतिपूर्ति दिनु पर्दछ ।

१६. **ठेक्का आह्वान गर्न सक्नेः** (१) यस ऐन बमोजिम सङ्कलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी सङ्कलन गर्न सक्नेछ ।

तर आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि अघिल्लो वर्षको दररेटमा नघट्ने गरी अघिल्लो वर्ष आय ठेक्का सम्झौता भएको फर्म/व्यक्तिलाई ठेक्का अवधिको म्याद थप गरी बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिँदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनुपर्नेछ ।

तर पटक पटक ठेक्का बन्दोबस्तको लागि सूचना आह्वान गर्दा ठेक्का बन्दोबस्त हुन नसकेमा गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि हुने देखिएमा अमानतबाट पनि त्यस्ता कार्य गर्नका लागि बाधा पुग्ने छैन ।

(३) गाउँपालिकाले सामान्यतयाः आर्थिक वर्ष सुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नुपर्नेछ ।

(४) गाउँपालिकाले कर सङ्कलन गर्न सामान्यतयाः ठेक्का बन्दोबस्त गरिने छैन ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यवस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन सहित)लाई आधार मानी गरिनेछ ।

१७. **सहयोग गर्नुपर्नेः** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले गाउँपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

१८. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेः** गाउँपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

१९. **कार्यविधि बनाउन सक्नेः** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धित कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२०. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## अनुसूची – १

(दफा २ सँग सम्बन्धित)

मालपोत/भूमि कर

## पूर्वखोला गाउँपालिका वडा न. १ देखि ६ सम्मका कृषि क्षेत्र अन्तर्गत रजिस्ट्रेसन प्रयोजनका लागि सिफारिस गरिएको न्यूनतम मूल्य

| वडा न. | साबिकको गा.वि.स. | किसिम | अब्बल | दोयम | सिम | चहार | दर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सिलुवा | खेत | २०००० | १६००० | १४००० | १०००० | ०.०५% | |
| | | पाखो | १४००० | १२००० | १०००० | ८००० | | |
| २ | जल्पा | खेत | २२००० | १८००० | १४००० | १२००० | | |
| | | पाखो | १४००० | १२००० | १०००० | ८००० | | |
| ३ | रिङ्नेरह | खेत | २६००० | २०००० | १४००० | १०००० | | |
| | | पाखो | १४००० | १२००० | १०००० | ८००० | | |
| ४ | देवीनगर | खेत | १८००० | १४००० | १२००० | १०००० | | |
| | | पाखो | १४००० | १२००० | १०००० | ८००० | | |
| ५ | वीरकोट | खेत | २४००० | २०००० | १४००० | १२००० | | |
| | | पाखो | १४००० | १२००० | १०००० | ८००० | | |
| ६ | हेक्लाङ्ग | खेत | १८००० | १६००० | १२००० | १०००० | | |
| | | पाखो | १४००० | १२००० | १०००० | ८००० | | |

द्रष्टव्यः ५ रोपनी भन्दा कम खेत भएको जग्गाधनीले न्यूनतम रु. ४०।- र ५ रोपनी भन्दा कम पाखो भएको जग्गाधनीले न्यूनतम रु. ३०।- मालपोत/भूमि कर बुझाउनुपर्ने ।

## पूर्वखोला गाउँपालिका वडा न. १ देखि ६ सम्मका भू-उपयोग क्षेत्र वर्गीकरण अन्तर्गत रजिस्ट्रेसन प्रयोजनका लागि सिफारिस गरिएको न्यूनतम मूल्य

### क. आवासीय क्षेत्र

| क्र.स. | वडा न. | विस्तृत विवरण | न्यूनतम मूल्य (रु.) | दर | कैफियत |
|---|---|---|---|---|---|

पूर्वखोला गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | आर्यभन्ज्याङ- रामपुर मोटर बाटो (आलोक मार्ग) | | | |
| | | हटिया बजार, सानो गल्धा, बहिछ्राप बजार क्षेत्रमा दायाँबायाँ २० मिटर सम्म | प्रति रोपनी ५,००,०००।- | | |
| | | हटिया बजार, सानो गल्धा, बहिछ्राप क्षेत्रमा दायाँबायाँ २१ देखि ५० मिटर सम्म | प्रति रोपनी ४,००,०००।- | | |
| १ | १ | | | ०.०५% | |
| | | दार्सिङभन्ज्याङ- रिङ्नेरह मो. बा. क्षेत्र देखि दायाँबायाँ १५ मिटर सम्म | प्रति आना ५०,०००।- | | |
| | | विस्तारित मार्ग क्षेत्र देखि दायाँबायाँ १५ मिटर सम्म | प्रति रोपनी १,००,०००।- | | कृषि सडक बाहेक |
| | | हुमिन - ज्यामिरे (पालिका पहुँच मार्ग) | | | |
| | | लाभे बजार देखि पूर्वखोला पुल सम्ममा दायाँबायाँ २० मिटर सम्म | प्रति आना १,५०,०००।- | | |
| | | लाभे बजार देखि | | | |

पूर्वखोला गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | पूर्वखोला पुल सम्ममा दायाँबायाँ २१ देखि १०० मिटर सम्म | प्रति रोपनी ४,००,०००।- | | |
| | | ज्ञानचौर र लाँकुरी क्षेत्रमा दायाँबायाँ २० मिटर सम्म | प्रति आना ४०,०००।- | ०.०५% | |
| | | ज्ञानचौर र लाँकुरी क्षेत्रमा दायाँबायाँ २१ देखि १०० मिटर सम्म | प्रति रोपनी ३,००,०००।- | | |
| | | हुमिन – जल्पा – बहादुरपुर मोटर बाटो | | | |
| | | जल्पा बजार क्षेत्र को दायाँबायाँ २० मिटर सम्म | प्रति आना ७५,०००।- | | |
| २ | २ | जल्पा बजार क्षेत्र बाहेकको दायाँबायाँ २० मिटर सम्म | प्रति रोपनी २,००,०००।- | | माथिल्लो झेरुदी, जगरखर्क, ढोलीमारा बजार क्षेत्र |
| | | जल्पा - रिङ्नेरह मो. बा. क्षेत्र देखि दायाँबाँया १५ मिटर सम्म | प्रति रोपनी १,००,०००।- | ०.०५% | बयल डाँडा देखि बर्मू क्षेत्र सम्म बाहेक |
| | | जल्पा - रिङ्नेरह मो. बा. क्षेत्र देखि दायाँबाँया १५ मि सम्म | प्रति रोपनी ३,००,०००।- | | कुखुरेटारी देखि सरस्वती मा.वि. जाने दोबाटो सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बस्ती जोड्ने मो. बा. देखि दायाँबायाँ २० मि सम्म | प्रति रोपनी २५,०००।- | | |
| | | हुमिन – ज्यामिरे (पालिका पहुँच मार्ग) | | | |
| | | द्धारीगौडा, पचासे र बिर्ता बजार क्षेत्रमा दायाँबायाँ २० मिटर सम्म | प्रति आना १,५०,०००।- | | |
| | | कलौली, सातबिसे र आठबिसे क्षेत्रमा दायाँबायाँ २० मिटर सम्म | प्रति आना १,००,०००।- | | |
| ३ | ३ | बिरुवाटारी, सिमल मुनि सिद्रे क्षेत्रमा दायाँबायाँ २० मिटर सम्म | प्रति आना ७५,०००।- | ०.०५% | |
| | | हुमिन - ज्यामिरे (पालिका पहुँच मार्ग) सडकमा दायाँबायाँ २१ देखि १०० मिटर सम्म | प्रति रोपनी ४,००,०००।- | | |
| | | बस्ती जोड्ने मो.बा. देखि दायाँबायाँ २० मिटर सम्म | प्रति रोपनी १०,०००।- | | |

पूर्वखोला गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | | **हुमिन – जल्पा - बहादुरपुर मोटरबाटो** | | | |
| | | देवीनगर बजार क्षेत्रमा सडक देखि दायाँबायाँ २० मिटर सम्म | प्रति आना ५०,०००।- | ०.०५% | सार्वजनिक शौचालय देखि १५० मिटर क्षेत्र |
| | | काफलडाँडा र चिर्तुङ्ग क्षेत्रमा दायाँबायाँ २० मिटर सम्म | प्रति आना २०,०००।- | | |
| | | **हुमिन – ज्यामिरे (पालिका पहुँच मार्ग) सडक** | | | |
| | | सिमल्दी, चेवा फाँट र मङ्गला क्षेत्रमा दायाँबायाँ २० मिटर सम्म | प्रति आना २०,०००।- | ०.०५% | |
| ४ | ४ | हुमिन – ज्यामिरे (पालिका पहुँच मार्ग) सडकमा दायाँबायाँ २१ देखि १०० मिटर सम्म | प्रति रोपनी ५०,०००।- | | |
| | | **देवीनगर, मोहकाल, ढाक्रेवास र देवीनगर सिमल्दी मोटर बाटो** | | | |
| | | देवीनगर चोक देखि अङ्कुरचोक सम्ममा दायाँबायाँ २० मिटर सम्म | प्रति आना २५,०००।- | | |
| | | देवीनगर चोक देखि अङ्कुरचोक | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बाहेकको दायाँबायाँ २० मिटर सम्म | प्रति रोपनी २५,०००।- | ०.०५% | |
| | | बस्तीस्तरको मो.बा. देखि दायाँबायाँ १५ मिटर सम्म | प्रति रोपनी २५,०००।- | | |
| | | **आर्यभन्ज्याङ - रामपुर मोटर बाटो (आलोक मार्ग)** | | | |
| | | आर्यभन्ज्याङ - रामपुर मो.बा. (आलोक मार्ग) क्षेत्रमा दायाँबायाँ २० मिटर सम्म | प्रति आना ८०,०००।- | | |
| ५ | ५ | आर्यभन्ज्याङ - रामपुर मो.बा. (आलोक मार्ग) क्षेत्रमा दायाँबायाँ २१ देखि ५० मिटर सम्म | प्रति रोपनी ५०,०००।- | ०.०५% | |
| | | खल्लुकभन्ज्याङ बिर्ता बजार मो.बा. देखि दायाँबायाँ २० मिटर सम्म | प्रति आना २५,०००।- | | खल्लुकभन्ज्याङ देखि स्याफट घिनार्दी र बेंसीबारी क्षेत्र |
| | | वीरकोट गेझा मो.बा. देखि दायाँबायाँ २० | प्रति आना २०,०००।- | | आफरडाँडा र साँधभन्ज्याङ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मिटर सम्म | | | |
| | | बस्तीस्तरका मो.बा. देखि दायाँबायाँ १५ मिटर सम्म | प्रति रोपनी १,००,०००।- | | |
| ६ | ६ | आर्यभन्ज्याङ - रामपुर मो.बा. देखि दायाँबायाँ ३० मिटर सम्म | प्रति रोपनी १,००,०००।- | ०.०५% | झेमराङ्ग क्षेत्र |
| | | सेर्कावास - हेक्लाङ्ग र बस्तीस्तरका मो.बा. देखि दायाँबायाँ १५ मिटर सम्म | प्रति आना ५०,०००।- | | लाँकुरी, सालवास, खुमडाँडाभन्ज्याङ |
| ७ | १-६ | आवाद भइरहेका बस्तीहरु | प्रति रोपनी २०,०००।- | ०.०५% | |

| ख. व्यावसायिक क्षेत्र | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | वडा न. | क्षेत्र | न्यूनतम मूल्य | दर | कैफीयत |
| १ | १ | हटिया बजार र दार्सिङभन्ज्याङ | आवासीय क्षेत्रमा तोकिए | ०.०५% | |
| २ | २ | जल्पा भन्ज्याङ, लाभे र ढोलीमारा | | | |
| ३ | ३ | बिर्ता बजार र द्वारीगौडा | | | |
| ४ | ४ | देवीनगर बजार | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ५ | हुलाक भन्ज्याङ, खल्लुक भन्ज्याङ र बुढीलेक | बमोजिम | | |
| ६ | ६ | सालवास, खुमडाँडा र बाकुमगढी | | | |

| ग. औद्योगिक क्षेत्र | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | वडा न. | क्षेत्र | न्यूनतम मूल्य (प्रति रोपनी रु.) | दर | कैफियत |
| १ | १ | रेचे घाट | ५०,०००।- | ०.०५% | |
| २ | २ | जल्पा जगरखर्क बाटो माथि क्षेत्र | ३०,०००।- | | |
| ३ | ३ | हर्नाखोरी ठाडे ढुङ्गा क्षेत्र | २,००,०००।- | ०.०५% | |
| ४ | ४ | चिर्तुङ काफल डाँडा क्षेत्र | २५,०००।- | | |

| घ. खानी तथा खनिज क्षेत्र | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | वडा न. | क्षेत्र | न्यूनतम मूल्य (प्रति रोपनी रु.) | दर | कैफियत |
| १ | १ | सामुघा | ३०,०००।- | ०.०५% | |
| २ | २ | जमले र साठीकोल | ३०,०००।- | | |
| ३ | ३ | कमेरे सुखौरा क्षेत्र | ३०,०००।- | | |
| ४ | ४ | बलिपोखरा, काफलडाँडा सोमदीप र उडडाँडा | ३०,०००।- | | |
| ५ | ५ | धाउँखानीडाँडा | ५,०००।- | | |

ङ. वन क्षेत्र: गाउँपालिका भित्रका सामुदायिक, कबुलियती, धार्मिक वनले समेटेको क्षेत्रमा रहेका निजी जग्गाहरुः प्रति रोपनी रु. १५,०००।–

| च. नदी, खोला, ताल र सिमसार क्षेत्र | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | वडा न. | क्षेत्र | न्यूनतम मूल्य | दर | कैफियत |
| १ | १ | बिरुवा, कुइल्दी र निस्दी | प्रति रोपनी रु. ५,०००।- | ०.०५% | |
| २ | २ | वाम्दी, मर्स्याङ्दी, खान्तुङ, रोकुङ आरुङखोला, गाङ्दी, बर्मु र गबडे | | | |
| ३ | ३ | पूर्वखोला, मन्टुसा, गरङ्गा, सिद्रे, सपाहा, चिसापानी कोलडाँडा र झरङ्गा | | | |
| ४ | ४ | लाभे, सिमल्दी, भुरुङ, लाइखोला, छेबकुन, कोन्द्रे खोला, डुड, राहुभन्ज्याङ, चिर्तुङ्ग, खर्तुङ, ढापखोला, धुन्द्रे र घरङ्गा | | | |
| ५ | ५ | मन्टुसा, तेर्से, बगरी, ग्याप्दी र पल्ली खोला | | | |
| ६ | ६ | झम्मा, खानी र दोभान खोला | | | |

पूर्वखोला गाउँपालिका

| छ. सार्वजनिक उपयोगको क्षेत्रमा रहेका निजी जग्गाहरु | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | वडा न. | क्षेत्र | न्यूनतम मूल्य | दर | कैफियत |
| १ | १ | सिमलभन्ज्याङ र केङ्सेङ्दी | प्रति रोपनी रु. १०,०००।- | ०.०५% | |
| २ | २ | जल्पा खेलमैदान, चुलीडाँडा पर्यटन क्षेत्र, बगेल्ला र सल्लेनी वनभोज स्थल | | | |
| ३ | ३ | रिङनेरह, पूर्वखोला बसपार्क, सपाहा क्षेत्र, सातविसे पुल क्षेत्र | | | |
| ४ | ४ | बेसार डाँडा | | | |
| ५ | ५ | मौला, राँकेभन्ज्याङ, निशानडाँडा | | | |
| ६ | ६ | किरीभन्ज्याङ | | | |

| ज. सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा रहेका निजी जग्गाहरु | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | वडा न. | क्षेत्र | न्यूनतम मूल्य | दर | कैफियत |
| १ | १ | अकला देवी, मण्डली चुरा बराजु र कोट घर | | | |
| २ | २ | जल्पा देवी, खाँणदेवी, बराजु थान, सिम्बु थान, विन्धवासिनी मन्दिर र सत्य ओडार | | | |
| ३ | ३ | शिव दुर्गा मन्दिर, तीन | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कन्या, बराहा मन्दिर र अर्खल डाँडा कोत घर | प्रति रोपनी रु. १५,०००।- | ०.०५% | |
| ४ | ४ | भानुमाता मन्दिर क्षेत्र, चुली डाँडा, हिरा देवी लमेधेम, सिमल्दी शिवालय, विश्वकर्मा मन्दिर, भीमसेन र बराजु थान | | | |
| ५ | ५ | खाँडदेवी, कालिका, अकला, सातभाइ सिद्ध बुढीलेक, मनकामना, रम्भा देवी, भट्टी ओडार, चुली डाँडा र झाकरी लुहुङ | | | |
| ६ | ६ | बराह देवी, खाँडदेवी र सत्यवती | | | |

झ. नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्र: नेपाल सरकारले तोके बमोजिम ।

ञ. रजिस्ट्रेसन प्रयोजनका लागि सिफारिस गरिएको पक्की घरको न्यूनतम मूल्यः

| क्र.स. | वडा न. | विवरण | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | १-६ | पक्की घर | प्रति वर्ग फिट रु. १,०००।- | |

अनुसूची - २

(दफा ३ सँग सम्बन्धित)

## घर जग्गा बहाल कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | बहाल कर | कोठा वा घर भाडाको | ५% |

| घर बहाल करका लागि विभिन्न घर प्रति कोठाको न्यूनतम भाडा दर (रु.) देहाय बमोजिम हुनेछ। | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा न. | कोठा विवरण | आर्यभन्ज्याङ -रामपुर सडक बजार क्षेत्र | आर्यभन्ज्याङ - रामपुर सडक अन्य क्षेत्र | हुमिन - ज्यामिरे सडक बजार क्षेत्र | अन्य सडक बजार क्षेत्र | भित्री बजार क्षेत्र | भित्री अन्य क्षेत्र |
| १-६ | सटर कोठा | २००० | १५०० | २००० | १२०० | १००० | ५०० |
| १-६ | अन्य कोठा | १५०० | १२०० | १५०० | १००० | ८०० | ३०० |

पूर्वखोला गाउँपालिका

अनुसूची - ३

(दफा ४ सँग सम्बन्धित)

## व्यवसाय कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | | नयाँ दर्ता शुल्क | ५०० | |
| २ | | नवीकरण शुल्क | १५० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | | अभिलेखीकरण शुल्क | ५०० | ५ लाख भन्दा बढी पुँजी भइ अन्य निकायमा दर्ता भएको व्यवसायको हकमा |
| वार्षिक व्यवसाय कर | | | | |
| निम्न किसिमका व्यापार व्यवसायमा निम्न बमोजिम वार्षिक कर लिइनेछ । | | | | |
| ३ | मदिरा पसल | थोक वितरक | ३००० | |
| | | खुद्रा वितरक | २००० | |
| ४ | हल्का पेय पदार्थ | थोक वितरक | २००० | |
| | | खुद्रा वितरक | १००० | |
| ५ | सुनचाँदी पसल | फेन्सी गहना बनाइ बिक्री सोरुम | ३००० | |
| | | साधारण गहना बिक्री पसल | २००० | |
| ६ | औषधी पसल | उत्पादक | ५००० | |
| | | वितरक थोक | ३००० | |
| | | खुद्रा पसल डाक्टर भएको | ३००० | |
| | | खुद्रा पसल डाक्टर नभएको | १५०० | |
| ७ | आयुर्वेदिक औषधी | उत्पादक | ४००० | |
| | | वितरक | २००० | |
| | | खुद्रा | १००० | |
| ८ | एग्रोभेट पसल | थोक (कृषिजन्य बिउ बिजन, औषधी तथा अन्य सामाग्री) | १००० | |
| | | खुद्रा (कृषिजन्य बिउ बिजन मात्र) | ५०० | |

पूर्वखोला गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ९ | स्टेसनरी पसल | थोक | २००० | |
| | | खुद्रा | ५०० | |
| | | मुद्रण सामाग्री | १००० | |
| १० | कस्मेटिक पसल | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| ११ | पलाइ तथा ग्यास हाउस | थोक | ३००० | |
| | | खुद्रा | १००० | |
| १२ | इलेक्ट्रोनिक/कम्प्युटर पसल | थोक | ३००० | |
| | | खुद्रा | १००० | |
| | | घडी, रेडियो र मोवाइल आदी | ५०० | |
| | | अडियो र भिडियो | ५०० | |
| १३ | विद्युत् सामाग्री पसल | थोक | ३००० | |
| | | खुद्रा | १००० | |
| १४ | हार्डवेयर, मेसिनरी, पेन्टस, सेनेटरी र मार्वल पसल | थोक | ४००० | |
| | | खुद्रा छड र सिमेन्ट हार्डवयर | १५०० | |
| | | हार्डवेयर, मेसिनरी, पेन्टस, सेनेटरी र मार्वल पसल | २००० | |
| | | पेन्टस | १५०० | |
| | | सेनेटरी र मार्वल पसल | १५०० | |
| | | अन्य खुद्रा | १५०० | |
| १५ | पेट्रोलियम पदार्थ | ३ पम्प वा माथि | ५००० | |
| | | २ पम्प (डिलर समेत) | ४००० | |
| | | १ पम्प | २००० | |
| | | पेट्रोलियम पदार्थ सब-डिलर | १००० | |
| | | पेट्रोलियम पदार्थ डिलर नभएको (फुटकर) | १००० | |
| | | मट्टीतेल मात्र बिक्री | ५०० | |

पूर्वखोला गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | | ग्यास सिलिण्डर डिलर | १००० | |
| १६ | स्टिल आल्मुनियम पसल | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| १७ | फर्निचर्स र फर्निसिङ्ग पसल | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| १८ | दैनिक उपभोग्य वस्तु | खाद्य सप्लायर्स | ३००० | |
| | | गल्ला थोक | ३००० | |
| | | खाद्यान्न किराना थोक | १५०० | |
| | | खाद्यान्न किराना खुद्रा | १००० | |
| | | साना किराना पसल | ५०० | |
| १९ | फलफुल तथा तरकारी पसल | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| २० | कपडा पसल | थोक | ३००० | |
| | | खुद्रा | १००० | |
| | | फेन्सी पसल | १००० | |
| २१ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा | चिकित्सक | २५०० | |
| | | कन्सल्टेन्ट डाक्टर (एम.डी. र एम वि.वि.एस.) | २००० | |
| | | मेडिकल अफिसर | १००० | |
| | | कविराज | ५०० | |
| | | कन्सल्टेन्स सेवा | २००० | |
| | | इन्जिनियरिङ फर्म परामर्श सेवा | २००० | |
| | | कानून व्यवसायी | १००० | |
| | | 'ल' फर्म तथा कानून परामर्श सेवा | १००० | |
| | | लेखापरीक्षण व्यवसाय तर्फ | १००० | |
| | | अन्य | १००० | |

पूर्वखोला गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| २२ | अनुसन्धानकर्ता परामर्शदाता | अनुसन्धानकर्ता | २००० | |
| | | कम्प्युटर ऐनालिस्ट तथा प्रोग्रामर | १५०० | |
| | | बिमा एजेन्ट | १००० | |
| | | सर्भेयर | १५०० | |
| | | नोटरी पब्लिक अनुवाद | १००० | |
| | | पशु चिकित्सक | ५०० | |
| | | ढुवानी तथा ट्रान्सपोर्ट एजेन्सी | १००० | |
| | | संस्थागत पेन्टर्स | १००० | |
| २३ | निर्माण व्यवसाय | (क) गा.पा.मा प्रधान कार्यालय भएका निर्माण व्यवसायी | | |
| | | घ वर्ग (नयाँ दर्ता शुल्क) | २५००० | |
| | | घ वर्ग (नवीकरण) | ३००० | |
| २४ | डेरी व्यवसाय तर्फ | डेरी उद्योग तथा बिक्री पसल | १००० | |
| | | डेरी आइसक्रिम बिक्री पसल | ५०० | |
| २५ | उपभोक्ता वस्तु उत्पादक, प्रशोधन र बिक्रेता | कुकिज, पाउरोटी र नुडल्स उद्योग | १००० | |
| | | कुटानी, पिसानी र पेलानी मिल | ५०० | |
| | | दालमोठ, झिनियाँ, अचार तथा अन्य उद्योग | १०० | |
| | | साबुन, डिटरजेन्ट र दुना टपरी उद्योग | १०० | |
| २६ | रिकन्डीसन वन तथा कृषिजन्य उद्योग | फलाम कृषि औजार उद्योग | २००० | |
| | | फर्निचर उद्योग | २००० | |
| | | पशुपक्षीपालन, माछापालन, मौरीपालन, ह्याचरी व्यवसाय र कृषि सम्बन्धी सम्पूर्ण व्यवसाय आदी | १०० | |
| | | कागज र प्लास्टिक रिकन्डीसन | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | | उद्योग | | |
| | | उर्जामूलक उद्योग | १५०० | |
| | | वायो ग्यास उद्योग | १००० | |
| | | सौर्य शक्ति उत्पादन उद्योग | १००० | |
| | | मर्मत सञ्चार पार्ट उद्योग | १००० | |
| | | सामुदायिक वन (आम्दानीको) | १०% | |
| २७ | उद्योग | इँट, सिमेन्ट र ढुङ्गा क्रेसर उद्योग | ४०००० | |
| | | स्टिल उद्योग | ४०००० | |
| | | ग्रील उद्योग | ३००० | |
| | | ब्लक र अन्य | २५०० | |
| २८ | पर्यटन, व्यवसाय तथा उद्योग | होटल, लज तथा रेस्टुरेन्ट (उच्च कोटी) | ४००० | |
| | | होटल, लज तथा रिसोर्ट | २००० | |
| | | होटल तथा रेस्टुरेन्ट | २००० | |
| | | दोहोरी साँझ | २००० | |
| | | पार्टी प्यालेस | ५००० | |
| | | रेस्टुरेन्ट | २००० | |
| | | भोजनालय | १००० | |
| | | मिष्टान्न क्याटरिङ पसल समेत | १५०० | |
| | | मिष्टान्न पसल | १००० | |
| | | क्याटरिङ | १००० | |
| | | चिया कफी पसल | ५०० | |
| | | फास्ट फुड एण्ड क्याफे | ५०० | |
| | | होमस्टे | ५०० | |
| २९ | टेन्ट हाउस | बिजुली डेकोरसन वेन्ड बाजा | २५०० | |

| | | | | |
|---|---|---|---|---|
| | | सहितको टेन्ट हाउस | | |
| | | विद्युत् डेकोरेसन सहितको टेन्ट हाउस | २००० | |
| | | विद्युत् डेकोरेसन रहितको टेन्ट हाउस | १५०० | |
| | | टेन्ट हाउस मात्र | १००० | |
| ३० | सेवा उद्योग | अफसेट प्रेस | १५०० | |
| | | स्क्रिन प्रिन्ट प्रेस | १५०० | |
| | | लेजर प्रिन्ट प्रेस | ५०० | |
| | | सिनेमा हल | २००० | |
| | | फिल्म डिस्टिव्यूटर्स | ५०० | |
| | | कलर ल्याब सेवा | १००० | |
| | | भिडियो मिक्सिङ | ५०० | |
| | | फोटो स्टुडियो | ५०० | |
| ३१ | सञ्चार | टेलिफोन, टंकल, फ्याक्स, मोवाइल, इन्टरनेट सेवा प्रदायक कम्पनी | ३००० | |
| | | टि.भी. च्यानल प्रसारण | २५०० | |
| | | केवल च्यानल प्रसारण | २००० | |
| | | एफ एम प्रसारण | १५०० | |
| | | पत्र पत्रिका प्रकाशन सेवा | १००० | |
| ३२ | कम्यूनिकेशन सेवा | टुर्स एण्ड ट्राभल्स सेवा | २००० | |
| | | फोटोकपी, पि.सी.ओ, साइबर तथा क्याफे | १००० | |
| | | कुरियर्स सेवा मुख्य कार्यालय | १००० | |
| | | कुरियर्स सेवा शाखा कार्यालय | ५०० | |
| ३३ | वित्तीय सेवा (नेपाल सरकारको | वाणिज्य बैंक निजी स्तर मुख्य कार्यालय | ३०००० | |

पर्वखोला गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | पूर्ण स्वामित्वमा रहेका बैंकहरु बाहेक) | वाणिज्य बैंक प्रति शाखा कार्यालय | १०००० | |
| | | विकास बैंक मुख्य कार्यालय | २०००० | |
| | | विकास बैंक प्रति शाखा कार्यालय | ८००० | |
| | | फाइनान्स कम्पनी मुख्य कार्यालय | १०००० | |
| | | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ३००० | |
| | | लघु वित्त कम्पनी शाखा कार्यालय | ५००० | |
| | | बिमा कम्पनीहरु शाखा कार्यालय | ५००० | |
| | | मनी एक्सचेन्जर | २००० | |
| | | वित्तीय सहकारी संस्था | १००० | |
| | | थप काउन्टर बैंक | २००० | |
| ३४ | शिक्षा सेवा | निजी क्याम्पस | ४००० | |
| | | निजी मा.वि. | - | |
| | | निजी आ.वि. | - | |
| | | निजी प्रा.वि., पूर्व प्रा.वि., छात्रावास, मन्टेश्वरी | - | |
| | | पोली टेक्नीकल इन्टिच्यूट प्रशिक्षण समेत | २५०० | |
| | | नर्सिङ, सि.एम.ए. र एच.ए. प्रशिक्षण समेत | ४००० | |
| | | एजुकेस्नल कन्सल्टेन्सी सेवा | २००० | |
| | | कम्प्युटर इलेक्ट्रोनिक तालिम | २००० | |
| | | सवारी चालक तालिम | २००० | |
| | | भाषा शिक्षा, कोचिङ र टिउसन | १५०० | |

पूर्वखोला गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | | सेन्टर | | |
| ३५ | अन्तर्राष्ट्रिय गैर - सरकारी संस्था | अन्तर्राष्ट्रिय संस्था व्यावसायिक कारोबार गर्ने | ५००० | |
| | | राष्ट्रिय संस्था विदेशी संस्था साझेदार | २००० | |
| | | राष्ट्रिय संस्था | १००० | |
| ३६ | मर्मत संभार (कारखाना) | टायर पन्चर मर्मत | ५०० | |
| | | डेन्टीङ, पेन्टिङ तथा वेल्डिङ | १५०० | |
| | | डेन्टिङ मात्र | ५०० | |
| | | पेन्टिङ मात्र | ५०० | |
| | | पम्प सेक्सन मर्मत | १००० | |
| | | व्याट्री इलेक्ट्रीक सेक्सन मर्मत | २००० | |
| | | वासिङ सेक्सन | १००० | |
| | | टि.भि., डेग, मोवाइल, फ्रिज मर्मत र कम्प्युटर मर्मत | १५०० | |
| | | रेडियो, घडी र क्याल्कुलेटर मर्मत | ५०० | |
| | | मोटरसाइकल मर्मत | १००० | |
| | | कम्पनी पट्टा, रेडियटर, ग्रिस, हेड मर्मत | १००० | |
| | | पलम्बिङ | ५०० | |
| ३७ | हेभी इक्यूपमेन्ट | हेभी इक्यूपमेन्ट खरिद बिक्री | १०००० | एक पटक वार्षिक दर्ता |
| | | अन्य कवाड खरिद बिक्री | २००० | |
| | | मोटर पार्टस तथा बोडी विल्डर्स सामाग्री | ५००० | |
| ३८ | अन्य सेवा | वैदेशिक रोजगार सेवा परामर्श दाता | ५००० | |
| | | वैदेशिक रोजगार परामर्श सेवा शाखा कार्यालय | ३००० | |

| | | | | |
|---|---|---|---|---|
| | | सेवा परामर्श दाता | १५०० | |
| | | श्रमिक सेवा परामर्श दाता | १५०० | |
| | | सामान सहित श्रमिक सेवा परामर्श दाता | २००० | |
| | | सेक्रेटरियल सेवा मात्र | १००० | |
| | | टाङ्गा, रिक्सा, अटो रिक्सा र ई-रिक्सा | १००० | |
| ३९ | ड्राईक्लिन, सैलुन तथा व्यूटिपार्लर | व्यूटि पार्लर सेवा तालिम सहितको (५ जना भन्दा वढी कालिगड) | १५०० | |
| | | व्यूटिपार्लर सेवा | १००० | |
| | | कालिगड सहितको सैलुन सेवा (२ सिट माथी) | १००० | |
| | | सैलुन सेवा २ सिट सम्मको | ५०० | |
| | | ड्राइक्लिन सेवा | ५०० | |
| ४० | साइन बोर्ड आर्ट व्यवसाय | डिजिटल आर्ट व्यवसाय | ५०० | |
| | | अन्य आर्ट व्यवसाय | ५०० | |
| ४१ | पशु वधशाला | पशु वधशाला | १००० | |
| | | पशुको छाला सङ्कलन तथा बिक्री | ५०० | |
| ४२ | माछा र मासु बिक्री पसल | प्याकिङ माछा, मासु सप्लायर्स | २००० | |
| | | माछा, मासु मध्ये कम्तीमा ३ वटा सेवा दिने पसल | १५०० | |
| | | माछा, मासु मध्ये कम्तीमा २ वटा सेवा दिने पसल | १००० | |
| | | कुनै एक सेवा मात्र | ५०० | |
| ४३ | फुल बिरुवा पसल | नर्सरी | १५०० | |
| | | फुल बिक्री | ५०० | |
| ४४ | स्नुकर तथा पुल | स्नुकर तथा पुल हाउस दुवै भएको | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | हाउस | स्नुकर मात्र | ५०० | |
| | | पुल हाउस | ५०० | |
| ४५ | भाडा पसल तथा किचन सामाग्री | थोक पसल | ३००० | |
| | | खुद्रा | ५०० | |
| | | अन्य भाडा पसल | ५०० | |
| ४६ | खेलौना, गिफ्ट हाउस तथा फोटो फ्रेम पसल (सोरुम) | खेलौना तथा गिफ्ट पसल | १००० | |
| | | खेलौना मात्र | ५०० | |
| | | फोटो फ्रेम | ५०० | |
| ४७ | सिलाइ मेसिन मर्मत तथा सिलाइ पसल | सलाई स्पेसलिस्ट पसल | १५०० | |
| | | सिलाइ पसल | ५०० | |
| | | सलाई मेसिन मर्मत | ५०० | |
| | | ब्यूटिक ल्याब्रोटरी | ५०० | |
| | | सङ्गीत कला केन्द्र | ५०० | |
| ४८ | घुम्ती हाटबजारमा व्यवसाय गर्ने व्यवसायीको हकमा दैनिक | फेन्सी तथा कपडा पसल | १०० | |
| | | किराना तथा भाडा पसल | १०० | |
| | | अन्य प्रकृतिका सामान | ५० | |
| | | घुम्ती व्यापार | १०० | |
| ४९ | काठ तथा कुकाठ ढुवानी व्यवसाय | १ काठ ढुवानी प्रति मिनी ट्रक | ४००० | |
| | | २ काठ ढुवानी प्रति ट्र्याक्टर | २००० | |
| | | १ कुकाठ ढुवानी प्रति मिनी ट्रक | १५०० | |
| | | कुकाठ ढुवानी प्रति ट्र्याक्टर | ५०० | |
| ५० | माथि उल्लेख नभएको अन्य पेसा व्यवसाय | डिस्टिब्युटर्स थोक पसल | २००० | |
| | | खुद्रा पसल | १००० | |
| ५१ | पटके व्यवसाय कर | फेन्सी र खुद्रा सामान गाडीद्धारा घुमाएर बेच्नेहरुका लागि प्रति पटक | २०० | |

पञ्चपोखरी थाङ्पाल गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | | खाद्यान्न सामान गाडीद्धारा घुमाएर बेच्नेहरुका लागि प्रति पटक | १०० | |
| | | आलु र तरकारी गाडीद्धारा घुमाएर बेच्नेहरुका लागि प्रति पटक | १०० | |
| | | पोका झोलामा सामान राखी मोटर साइकल वा मानिस आफैंले बेच्ने प्रति पटक (चना चटपट, पानी पुरी समेत) | ५० | |
| | | रांगा, भैंसी, बङ्गुर प्रति गोटा | ५० | |
| | | खसी बोका प्रति गोटा | ५० | |
| ५२ | सूचीकृत दस्तुर (कार्यालयमा सेवा प्रदान गर्ने सम्बन्धमा) | स्थानीय सामान्य सप्लायर्स | १०० | (पान न. मात्र भएका) |
| | | स्टेसनरी, इलेक्ट्रोनिक, फर्निचर, स्वास्थ्य सामाग्री सप्लायर्स, स्थानीय ढुवानी व्यवसायी, भाडाका सवारी साधन (कार, जीप, भ्यान, बस) | १००० | |
| | | कृषि तथा पशुजन्य सप्लायर्स | १००० | |
| | | पत्र पत्रिका, टि.भी. छपाई तथा सूचना प्रकाशन | १००० | |
| | | हार्डवेयर र मेसिनरी औजार सप्लायर्स | १००० | |
| | | निर्माण व्यवसायी (घ) वर्ग | ३००० | |
| | | JCB | ३००० | |
| | | निर्माण व्यवसायी (क, ख र ग वर्ग) | ५००० | |
| | | एक्साभेटर (प्रति ओटा), रोलर, ग्रेडर लगायत हेभी इक्युपमेन्ट | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| | | उद्योग व्यवसायी | २००० | |
| | | विज्ञ, परामर्श र कन्सल्टेन्सी सेवा | १००० | |

## अनुसूची - ४

(दफा ५ सँग सम्बन्धित)

### जडिबुटी, कवाडि र जीवजन्तु कर

| क.स. | जडिबुटी, कवाडि र जीवजन्तु कर | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | जडिबुटी र जीवजन्तु कर | १००० | |
| २ | कवाडि | १०० | |

## अनुसूची - ५

(दफा ६ सँग सम्बन्धित)

### विज्ञापन कर

| क.स. | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | साइन बोर्ड, ग्लो बोर्ड र स्टल आदिमा २५ वर्ग फुट भन्दा माथि | ५०० | |
| २ | साइन बोर्ड, ग्लो बोर्ड र स्टल आदिमा २५ वर्ग फुट सम्म | ३०० | |
| ३ | तूल ब्यानर एक हप्ताको लागि | ५० | |
| ४ | तूल ब्यानर एक हप्ता भन्दा बढी | १०० | |

## अनुसूची - ६

(दफा ७ सँग सम्बन्धित)

## मनोरञ्जन कर

| क्र.स. | मनोरञ्जन कर | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | मनोरञ्जन कर | प्रदेश आर्थिक ऐनले तोके बमोजिम | |

अनुसूची - ७

(दफा ८ सँग सम्बन्धित)

## बहाल बिदौरी कर

सार्वजनिक जग्गामा बनेको संरचनामा मात्र ।

| क्र.स. | विवरण (प्रति कोठा/सटर) | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | मासु पसल मासिक | २०० | टेन्डर प्रकियामा नजाँदा सम्मको लागि मात्र |
| २ | माछा पसल मासिक | २०० | |
| ३ | मदिरा पसल मासिक | २०० | |
| ४ | भाडा पसल मासिक | १०० | |
| ५ | कपडा पसल मासिक | १०० | |
| ६ | हरियो तरकारी पसल मासिक | १०० | |
| ७ | किराना/चिया/कफी पसल मासिक | १०० | |
| ८ | अन्य पसल मासिक | १०० | |
| **क्र.स.** | **विवरण** | **दर (रु.)** | **कैफियत** |
| १ | सार्वजनिक स्थानमा बनेका घर सटरहरुको प्रति सटर कोठा | १००० | |
| २ | हाट बजार घुम्ती पसलहरु प्रति पटक | ५० | हाट बजार सञ्चालन दैनिक घुम्ती पसल |
| ३ | टहराहरु प्रति पटक | ५० | हाट बजार सञ्चालन दैनिक घुम्ती पसल |

| | | | |
|---|---|---|---|
| ४ | गोदामहरु प्रति पटक | ५० | |
| ५ | अन्य संरचनाहरु मासिक गाउँपालिकाको निर्णयानुसार | | |

अनुसूची - ८

(दफा ९ सँग सम्बन्धित)

**सवारी पार्किङ्ग शुल्क गाउँपालिकाले तोकेको पार्किङ्ग स्थलमा**

| क्र.स. | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | ठुला सवारी साधन प्रति दिन | २० | सवारी साधनको सुरक्षाको जिम्मा सवारी धनी स्वयमले लिनुपर्नेछ । |
| | ठुला सवारी साधन प्रति महिना | २५० | |
| २ | साना सवारी साधन प्रति दिन | १० | |
| | साना सवारी साधन प्रति महिना | १०० | |

अनुसूची - ९

(दफा १० सँग सम्बन्धित)

**सेवा शुल्क र दस्तुर**

| क्र.स. | विवरण | सिफारिसको किसिम | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | | नाता प्रमाणित | २५० | |
| २ | | जन्म मिति प्रमाणित | २५० | |
| ३ | | विवाह/अविवाहित प्रमाणित | २५० | |
| ४ | | घर पाताल प्रमाणित | २०० | |
| ५ | | व्यक्तिगत विवरण प्रमाणित | २०० | |

पूर्वखोला गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ६ | | जीवित सँगको नाता प्रमाणित | २५० | |
| ७ | प्रमाणित शुल्क | हकवाला वा हकदार प्रमाणित | २०० | |
| ८ | | कागज र मन्जुरीनामा प्रमाणित | २०० | |
| ९ | | जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित | २०० | |
| १० | | आर्थिक अवस्था कमजोर वा विपन्न प्रमाणित | ० | |
| ११ | | संरक्षक प्रमाणित | २५० | |
| १२ | | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५०० | |
| १३ | | प्रमाणिकरण दस्तुर | १०० | |
| १४ | | अङ्ग्रेजी सिफारिस तथा प्रमाणित | ५०० | |
| १५ | | अपाङ्ग सिफारिस | ० | |
| १६ | | व्यक्तिगत संरक्षक सिफारिस | २५० | |
| १७ | | संस्थागत संरक्षक सिफारिस | २५० | |
| १८ | | नागरिकता सिफारिस | २५० | |
| १९ | | नागरिकता प्रतिलिपी सिफारिस | ३०० | |
| २० | | वैवाहिक अङ्गीकृत नागरिकता प्रतिलिपी | १००० | |
| २१ | सिफारिस शुल्क | छात्रवृत्ति सिफारिस (विपन्न छात्रवृत्ति निःशुल्क) | ० | |
| २२ | | मोही लगत कट्टाको सिफारिस | २५० | |
| २३ | | व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस | २५० | |
| २४ | | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचार | ० | |
| २५ | | पुर्जामा पक्की घर कायम गर्न सिफारिस (प्रति वर्ग मि.) | २५० | |
| २६ | | फरक - फरक नाम, थर र जन्म मिति | २५० | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रमाणित वा दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | | |
| २७ | | नाम, थर वा जन्म मिति संशोधनको सिफारिस | २५० | |
| २८ | | अस्थायी/स्थायी बसोवास सिफारिस | २५० | |
| २९ | | जग्गा धनी पुर्जा हराएको सिफारिस | ३०० | |
| ३० | | कित्ता काट सिफारिस प्रति कित्ता | १०० | |
| ३१ | | नामसारी सिफारिस | २५० | |
| ३२ | | छुट जग्गा (फिल्ड बुकमा रहेको) सम्बन्धमा सिफारिस प्रति रोपनी | १००० | |
| ३३ | | घर बाटो सिफारिस | २५० | |
| ३४ | | घर बाटो नभएको सिफारिस | २५० | |
| ३५ | | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | ३०० | |
| ३६ | | जीवित रहेको सिफारिस | ३०० | |
| ३७ | | उद्योग ठाउँसारी गर्न सिफारिस | ५००० | |
| ३८ | | विद्यालय ठाउँसारी सिफारिस | २५० | |
| ३९ | | पालन पोषणका लागि सिफारिस | ५० | |
| ४० | धारा, टेलिफोन र विद्युत् जडानको लागि सिफारिस | आर.सी.सी. पक्की घर | ३०० | |
| ४१ | | अन्य घर | २०० | |
| ४२ | शिक्षा | कक्षा ८ को मार्कसिट प्रतिलिपि/सच्याउने | ५०० | |
| ४३ | | शिक्षक सरुवा सहमति/अनुमति | १००० | |

| | | | | |
|---|---|---|---|---|
| ४४ | | पालिका शिक्षक अनुदान विज्ञापन प्रति शिक्षक सबै तह | २०० | |
| | | शिक्षक विज्ञापन आ.वि. (१-५) प्रति शिक्षक | ६०० | |
| | | शिक्षक विज्ञापन आ.वि. (६-८) प्रति शिक्षक | ८०० | |
| | | शिक्षक विज्ञापन मा.वि. (९ र १०) प्रति शिक्षक | १००० | |
| | | शिक्षक विज्ञापन मा.वि. (११ र १२) प्रति शिक्षक | १२०० | |
| ४५ | | दस्तखत परिवर्तन | २०० | |
| ४६ | विषय विज्ञ/रोष्टर शिक्षक | माध्यमिक तह (११ र १२) | ११०० | |
| ४७ | | माध्यमिक तह (९ र १०) | ९०० | |
| ४८ | | आधारभूत तह (६-८) | ७०० | |
| ४९ | | आधारभूत तह (१-५) | ५०० | |
| ५० | घर सम्पन्न सिफारिस | पक्की घर | ३०० | |
| ५१ | | कच्ची घर | २०० | |
| ५२ | व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क (३५ दिनभित्र निःशुल्क) | जन्म दर्ता | २५० | |
| ५३ | | मृत्यु दर्ता | २५० | |
| ५४ | | विवाह दर्ता | २५० | |
| ५५ | | बसाइँसराइ जाने | १००० | |
| ५६ | | बसाइँसराइ आउने | ० | |
| ५७ | | सम्बन्ध विच्छेद | ५०० | |
| ५८ | | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | ५०० | |
| ५९ | न्यायिक समिति दस्तुर | उजुरी दर्ता दस्तुर | १०० | |
| ६० | | प्रतिवाद दस्तुर | १०० | |
| ६१ | | नक्कल दस्तुर | ० | |

| | | | | |
|---|---|---|---|---|
| ६२ | | मिलापत्र दस्तुर | २५० | |
| ६३ | | वकालत सम्बन्धी इजाजत पत्र दस्तुर | १०० | |
| ६४ | | अन्य दस्तुर | २०० | |
| ६५ | उद्योगदर्ता सिफारिस | साना उद्योग | ५००० | |
| ६६ | | मझौला उद्योग | १७००० | |
| ६७ | ठुला उद्योग | सिमेन्ट र इटँ | ५०००० | |
| ६८ | | अन्य | ४०००० | |
| ६९ | धितो मूल्याङ्कन | वैदेशिक प्रयोजन प्रति लाख | १०० | |
| ७० | | बैंक प्रयोजन प्रति लाख | ५० | |
| ७१ | | छात्रवृत्ति प्रयोजन | २५ | |
| ७२ | चार किल्ला सिफारिस बैंक प्रयोजन | पक्की सडक | १००० | |
| ७३ | | खेती योग्य | २०० | |
| ७४ | | उद्योगको जग्गा प्रति रोपनी | २०० | |
| ७५ | | कच्ची सडक | ३०० | |
| ७६ | चार किल्ला सिफारिस रजिस्ट्रेसन प्रयोजन | पक्की सडक | १००० | |
| ७७ | | खेती योग्य | २५० | |
| ७८ | | उद्योगको जग्गा प्रति रोपनी | २०० | |
| ७९ | | कच्ची सडक | ३५० | |
| ८० | अंशवण्डाका लागि चार किल्ला सिफारिस | पक्की सडक | ३०० | |
| ८१ | | खेती योग्य | २०० | |
| ८२ | | कच्ची सडक | २५० | |
| ८३ | राहदानी सिफारिस | | ५०० | |
| ८४ | अन्य प्रयोजन सिफारिस | | २५० | |
| ८५ | पूर्व-प्राथमिक विद्यालय खोल्ने र अनुमति दिने सिफारिस | | ५०० | |
| ८६ | मासिक - वार्षिक आम्दानी प्रमाणित गर्ने प्रति लाख | | १०० | |

| | | | | |
|---|---|---|---|---|
| ८७ | नक्कल प्रति पाना | | ५ | |
| ८८ | घर निर्माण नक्साको नक्कल दस्तुर | | २०० | |
| ८९ | घटना दर्ता प्रतिलिपि दस्तुर | | ५०० | |
| ९० | बैंक खाता खोल्ने सिफारिस (उ.स. बाहेक) | | २०० | |
| ९१ | शैक्षिक प्रमाणपत्र सच्याउने | | ५०० | |
| ९२ | जुनसुकै प्रमाणपत्र हराएमा | | ५०० | |
| ९३ | लिखत प्रमाणित | | २०० | |
| ९४ | विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने (सामुदायिक वा सरकारी) | बाल विकास केन्द्र सञ्चालन अनुमति | १०० | |
| ९५ | | आधारभूत विद्यालय | २०० | |
| ९६ | | मा.वि. | ५०० | |
| ९७ | | स्नातक/स्नातकोत्तर | १००० | |
| ९८ | काठ कटान सिफारिस कुकाठ प्रति रुख | | १०० | |
| ९९ | काठ कटान सिफारिस काठ प्रति रुख | | २०० | |
| १०० | सर्जमिन मुचुल्का गरेको सिफारिस | | २५० | |
| १०१ | चारित्रिक सिफारिस | | २५० | |
| १०२ | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | | ३०० | |
| १०३ | पेन्सन मिलान सिफारिस | | ३०० | |
| १०४ | पालिकामा दर्ता भएका व्यवसायको दर्ता, नवीकरण, अभिलेखीकरण सिफारिस | | १०० | |
| १०५ | संस्था दर्ता तथा नवीकरण सिफारिस | | ५०० | |
| १०६ | जातीय पहिचान सिफारिस | | २५० | |
| १०७ | गाउँ ब्लक जग्गाको सिफारिस परल मूल्यको (प्रति सय कडा) | | ०.०३ | |

| | | | |
|---|---|---|---|
| १०८ | सडक मर्मत सम्भार दस्तुर तथा पर्यावरण प्रदुषण दस्तुर (प्रति सिफारिस) | ३०० | |
| १०९ | नम्बरी जग्गाको माटो बिक्री सिफारिस दस्तुर | २०० | |
| ११० | माइकसाउन्ड सिस्टम भाडा दैनिक दस्तुर | ५०० | |
| १११ | नम्बरी जग्गामा रहेको कुकाठ रुख कटान सिफारिस दस्तुर: ठुलो रुख (प्रति रुख) | १०० | |
| | नम्बरी जग्गामा रहेको कुकाठ रुख कटान सिफारिस दस्तुर: झाडी बुट्यान (प्रति रुख) | २५ | |
| ११२ | साना सवारी साधन नामसारी सिफारिस | १०० | |
| ११३ | जग्गा नाँपजाँच शुल्क प्रति कित्ता | ५०० | |
| ११४ | योजना/कार्यक्रम म्याद थप सिफारिस दस्तुर | २०० | |
| ११५ | प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिम अन्य सिफारिस | २५० | |
| ११६ | कोटेसन फारम शुल्क (ऐन, नियममा उल्लेख भए अनुसार) | ० | |
| ११७ | टेण्डर फारम शुल्क (ऐन, नियममा उल्लेख भएअनुसार) | ० | |
| ११८ | प्रति पर्यटक शुल्क | २५ | |

अनुसूची - १०

(दफा ११ सँग सम्बन्धित)

**बिक्री तथा निकासी शुल्क**

| क.स. | गाउँपालिका क्षेत्र भित्रबाट उत्खनन, बिक्री तथा निकासी | दर (रु.) | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | गर्दा | | |
| १ | प्रति हेभी ट्रक/टिप्पर | ५० | |
| २ | प्रति मिनी ट्रक | ३० | |
| ३ | प्रति टेक्टर | २० | |

अनुसूची - ११

(दफा १२ सँग सम्बन्धित)

**घर जग्गा रजिस्ट्रेशन/ नक्सा पास दस्तुर**

| क्र.स. | विवरण | लोक मार्ग (प्रति वर्ग फिट रु.) | | अन्य कालो पत्रे सडक (प्रति वर्ग फिट रु.) | | ग्राभेल कच्ची सडक (प्रति वर्ग फिट रु.) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जमिन मुनि र भुईंतला | पहिलो तथा सो भन्दा माथि | जमिन मुनि र भुईंतला | पहिलो तथा सो भन्दा माथि | जमिन मुनि र भुईंतला | पहिलो तथा सो भन्दा माथि | भित्री गोरेटो बाटो |
| १ | पक्की घरको नक्सा पास दस्तुर | ४ | ५ | ४ | ५ | २.५ | ३ | १.५ |
| २ | पुरानो घर अभिलेख राख्ने | २ | २.५ | २ | २.५ | २ | २.५ | १ |
| ३ | घर नक्सा पास दरखास्त फाराम दस्तुर रु. | | | | | | ५०० | |
| ४ | अस्थायी निर्माण स्वीकृति दस्तुर एकमुष्ट रु. | | | | | | ५०० | |

१. आ.व. २०८०।८१ बाट चेवा देखि सुखौरा सम्म प्रत्येक वडा कार्यालय देखि ५०० मिटरको दुरी सम्म घर बनाउन नक्सा पास गरी घर निर्माण गर्ने कार्यलाई अनिवार्य गरेको छ ।

२. गाउँपालिकाका वडा कार्यालय तथा सामुदायिक विद्यालय र गाउँपालिकाले बनाउने भवनमा नक्सा पास दस्तुर लाग्ने अन्य सरकारी निकायहरुका सरकारी भवन निर्माणमा तोकिएको दस्तुरमा ५० प्रतिशत लाग्ने ।

अनुसूची - १२

(दफा १३ र १४ सँग सम्बन्धित)

**जरिवाना तथा छुट**

| क्र.स. | विवरण | रकम/प्रतिशत | | कैफियत |
|---|---|---|---|---|
| १ | जरिवाना | | तोकिएको रकममा थप | |
| क | वार्षिक कर, दस्तुर तथा शुल्क बुझाउन विलम्ब भएमा | पहिलो वर्षको विलम्बमा | १०% | |
| | | दोस्रो वर्षको विलम्बमा | २०% | |
| | | दोस्रो वर्ष पछिको विलम्बमा | २५% | |
| ख | खोलामा विष हाल्ने र करेन्ट लगाई माछा मार्ने आदि गरेमा | पहिलो पटक | १,००० | |
| | | दोस्रो पटक | ५,००० | |
| | | तेस्रो पटक वा सो भन्दा बढी | १०,००० | |
| ग | निर्माणजन्य सामाग्रीको अवैध ओसारपोसार, चोरी निकासी गरेमा | पहिलो पटक | ३,००० | सामान जफत |
| | | दोस्रो पटक | १०,००० | |
| | | तेस्रो पटक वा सो भन्दा बढी | २०,००० | |
| पुनश्चः बक्यौता असुल गर्दा हालको दरमा नै हिसाब गरी असुल गरिनेछ । | | | | |
| ख | पुरानो घरमा तला थप गर्दा गाउँपालिकामा नक्सा | | एकमुष्ट रु. | |

| | | | |
|---|---|---|---|
| | पेस नगरी निर्माण कार्य सुरु गरेमा | २,५०० | |
| ग | अस्थायी तथा कच्ची घर बिना इजाजत निर्माण गरेमा जरिवाना | एकमुष्ट रु. ५०० | |
| घ | नयाँ घर निर्माण गर्दा स्वीकृत नक्सा विपरित साइड मार्जिन ३ फिट भन्दा कम छोडी झ्याल र ढोका राखेमा | एकमुष्ट रु. १,००० | |
| ङ | नयाँ घर निर्माण गर्दा स्वीकृत नक्सा विपरित बाटो तर्फ छाड्नुपर्ने सेटब्याक ३ फिट भन्दा कम छोडी झ्याल र ढोका राखेमा | एकमुष्ट रु. २,००० | |
| च | नक्सा पास नगरी निर्माण कार्य गरेमा | एकमुष्ट रु. ५,००० | |
| छ | माछा, मासु पसल मापदण्ड विपरित बिक्री गरेमा | एकमुष्ट रु. ५०० | |
| २ | छुट | तोकिएको रकममा | |
| क | कर लागु हुने चालु आ.व. को मङ्सिर मसान्त भित्र कर बुझाएमा लाग्ने करमा हुने छुट | १०% | |
| ख | बिक्री तथा निकासी शुल्क वापतको रकम एकमुष्ट हिसाब गरी अग्रिम बुझाएमा हुने छुट | १०% | |

पूर्वखोला गाँउपालिका